# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, मंसीर २१ गते २०५३ साल ( अतिरिक्ताङ्क ४२ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय शिक्षा मन्त्री श्री गोविन्दराज जोशी विकासको लागि इञ्जिनियरिङ शिक्षा विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन २०५३ साल मंसीर २३ गते थाइल्याण्डको राजधानी बैंककतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको शिक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री खुमबहादुर खड्काले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय वाणिज्य मन्त्री श्री फतेहसिंह थारू सिंगापुरमा हुने विश्व व्यापार संगठनको प्रथम मन्त्रीस्तरीय सम्मेलनमा पर्यवेक्षकको रुपमा भाग लिन २०५३ साल मंसीर २३ गते सिंगापुरतर्फ जानु हुने भएकोले उहांको अनुपस्थितमा उहाँले सम्हाली आउनु भएको वाणिज्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री बुद्धिमान तामाङले सम्हाल्नु हुनेछ ।

हुकुमबक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

६२२

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।